**मिति २०७६ साल बैशाख १० गते बसेको लिखु गाउँ कार्यपालिकाका निर्णयहरु:**

१. स्थानीय समन्वय समितिमा लिखु गाउँ कार्यपालिकाको महिला सदस्य श्री   इन्दिरा लोहनीलाई तोक्ने ।

२. महेन्द्र महेशदेव माध्यमिक विद्यालय(प्राविधिक तथा व्यवसायिक विद्यालय)बाट माग भइ आएको प्राविधिक तथा व्यावसायिक धार तर्फ कक्षा १२ को लागि  कम्प्युटर इन्जिनियरिङ विषय सञ्चालनको अनुमति दिने ।

३.थ्रि फेज लाईन विस्तार गर्न आवश्यक करिब सात किलोमिटर तार र एक सय पचास सेट डि आइरन स्याकल खरीद गर्न योजना कार्यान्वयनबाट कट्टि भएको कन्टिन्जेन्सी रकम बाट रु पाँच लाख खर्च गर्ने ।

४ क. स्थानीय विकास योजना/आयोजना माग सङ्कलन गर्दाबखत नै जे कार्य गर्ने हो सोही क्रियाकलाप समेत खुल्ने गरी योजनाको नामाकरण गर्न लगाइ योजना टिपोट गर्ने र टिपोट गरिएका तर क्रियाकलाप नखुलेका योजनालाई समाविष्ट नगर्ने ।

ख.योजना तर्जुमा र बजेट निर्माण सम्बन्धी देहाय बमोजिमको कार्यतालिका बनाई कार्य अगाडि बढाउने ।

| सि.नं | क्रियाकलाप | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|
| १ | वडा समितिको बैठक बसी वडालाई लाई वस्तीमा विभाजन गर्ने र वडा सदस्यलाई भेला संयोजक तोक्ने | २०७६ बैशाख १५ |
| २ | बस्ती भेलाको सूचना प्रकाशन गर्ने | बस्ती भेलाको कम्तीमा ७ दिन अगावै |
| ३ | बस्ती भेला गर्ने | २०७६ बैशाख २२ देखि ३१ |
| ४ | राजस्व परामर्श समितिबाट आ.व.२०७५/०७६ मा उठ्न सक्ने राजस्वको प्रक्षेपण गर्ने | २०७६ बैशाख २४ |
| ५ | बस्ती भेलामा माग भई आएका योजना भेला संयोजकले प्रमाणित गर्ने | भेला भएकै दिन |
| ६ | स्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठकबाट बजेटको आकार अनुमान गर्ने | २०७६ बैशाख २६ |
| ७ | माग भइ आएका योजनाको सूचीको प्रतिलिपि वडा अध्यक्षले प्रमाणित गरी गा.पा. मा पठाउने | २०७६ जेठ ३ सम्म |
| ८ | माग भएका योजनाको वडा समितिले विषयक्षेत्रगत रुपमा प्राथमिकीकरण गर्ने | २०७६ जेठ ७ सम्म |
| ९ | प्राथमिकीकरण गरिएका योजना वडा अध्यक्षले प्रमाणित गरी गा.पा.कार्यालयमा पठाउने | २०७६ जेठ १० सम्म |

| | | |
|---|---|---|
| १० | गा.पा. कार्यालयले वडाबाट प्राथमिकीकरण भई आएका योजना विषयगत समितिमा पठाउने तयारी गर्ने | २०७५ जेठ १४ सम्म |
| ११ | प्राथमिकीकरण गरिएका योजना सम्बन्धित विषयगत समितिमा आवश्यक सुझाव सहित छलफल गर्ने | २०७५ जेठ २२ सम्म |
| १२ | विषयगत समितिले आवश्यक सुझाव सहितको प्रतिवेदन तयार पार्ने | २०७५ जेठ २४ सम्म |
| १३ | प्रत्येक विषयगत समितिले प्रतिवेदन बजेट तथा कार्यक्रम समितिमा पेश गर्ने | २०७५ जेठ २७ |
| १४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले सुझाव सहित प्रतिवेदन तयार पारी कार्यपालिकाको बैठकमा पेश गर्ने | २०७५ असार ५ |
| १५ | कार्यपालिकाले कार्यक्रमको मस्यौदा उपर छलफल गर्ने | २०७५ असार ५ |
| १६ | कार्यपालिकाले कार्यक्रमको मस्यौदा अनुमोदन गर्ने | २०७५ असार ७ |
| १७ | गाउँसभामा बजेट प्रस्तुत गर्ने | २०७५ असार १० |

**द्रष्टव्यः**

१. प्राथमिकीकरण गरिएका योजना वडा बाट गाउँकार्यपालिकाको कार्यालयमा पठाउँदा यस कार्यालयबाट उपलब्ध गराइएको excel softcopy समेत उपलब्ध गराउनु पर्नेछ ।

२.प्रमाणित नगरिएको योजनाको सूचीलाई मान्यता दिइने छैन ।

३.विषयगत शाखा प्रमुखहरुले योजना प्रस्तुत गर्दा कार्ययोजना तथा क्रियाकलाप सहित पेश गर्नु पर्नेछ ।

४.विषयगत शाखा प्रमुख तथा वडा सचिव एवं स्वास्थ्य चौकी प्रमुखहरुले आफ्नो वार्षिक चालू खर्चको विवरण समेत प्रस्तुत गर्नुपर्नेछ ।

५. सन् २०१९ जुन २२ देखि २८ सम्म संयुक्त राज्य अमेरिकाको west kingdom स्थित Gordon Research Conferences frontiers of sciences ले सञ्चालन गर्ने origin of solar system मा नेपालबाट प्रतिनिधित्व गर्दै सहभागी हुन लिखु ०६ स्थित महेन्द्र महेशदेव माध्यमिक विद्यालयमा कार्यरत भौतिकशास्त्रका उ.मा.वि.शिक्षक श्री लोचन खनाल जाने भएकोले निजलाई विमान भाडावापत योजना कन्टिन्जेन्सीको रकमबाट व्यहोर्ने गरी रु नब्बेहजार मात्र सहयोग गर्ने ।